नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन इकाइ,कपिलवस्तु

जितपुर ४ नं.

प्रकाशित मिति: २०७६/११/१२

कृषि समूह, सहकारी तथा उद्यमी मार्फत जग्गा एकिकृत गरी चक्लाबन्दीमा धान खेतीको लागि सहभागी हुने सूचना

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन ईकाई, कपिलवस्तुको आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार "समूह, सहकारी, उद्यमी मार्फत जग्गा एकिकृत गरी धान खेती कार्यमा सहजीकरण २० हे.(३०विगाहा) माथि" को धान वालीमा आधुनिकीकरण र औद्योगिकरण गर्ने उद्धेश्य राखी धान सुपरजोन (वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र) कपिलवस्तुको कार्यक्षेत्र भित्र पर्ने धान सुपर जोनमा आबद्ध भएका कृषक समूह, सहकारी, उद्यमी मार्फत जग्गा एकिकृत गरी धान खेती कार्यमा सहजीकरण २० हे. (३० विगाहा)भन्दा माथि उन्नत प्रबिधिबाट धान खेती गर्नको लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मिति २०७६/११/१२ बाट २१ दिन भित्र २०७६।१२।०२ परियोजना कार्यान्वयन इकाई, वाणगंगा -४, कपिलवस्तुमा तपशिलका विवरण सहित प्रस्ताव पेश गर्नु हुन अनुरोध छ।

<u>स्विकृत बजेटको परिधि भित्र रहेर तोकिएको क्षेत्रफल भित्र जमिन एकिकृत गरि धान खेती गर्दा निम्न अनुसारको सहजिकरण हुनेछ।</u>

१. प्रस्तावित जमिनमा साना सिँचाई (नहर कुलो मर्मत, बाँध निर्माण,सोलार सिँचाई आदि) कम्तिमा ५०% अनुदान।
२. कृषि यन्त्र उपकरण (धान खेतीको लागि मेसिनको सेट : जोत्ने, काट्ने , थ्रेसिङ्ग गर्ने, जग्गा सम्याउने,आदि) कम्तिमा ५०% अनुदान

<u>तपशिल</u>

१. पालिका भित्रका कृषक समूह,कृषि सहकारी,उद्यमीहरुले प्रस्ताव पेश गर्न सक्ने छन् ।
२. कृषक समूहले समूह दर्ता तथा नविकरणको प्रमाणपत्र, कृषि सहकारीले दर्ता, नविकरण र अडिट रिपोर्ट पेश गर्न पर्ने छ भने उद्यमीले दर्ता,नविकरण र अडिट रिपोर्ट र कर चुक्ताको प्रमाणपत्र पेश गर्नुपर्ने छ ।
३. धान खेती गर्दा उन्नत प्रविधि अपनाउनु पर्नेछ ।
४. परियोजनाले तोकेकै ढाँचामा प्रस्तावना पेश गर्नुपर्ने छ।
५. दुई बाली (चैते र बर्खे) धान खेती गर्नेलाई प्राथमिकता दिईनेछ ।
६. समूह /सहकारी कृषकहरुको जग्गा एकिकृत गरि धान खेती गर्ने हो भने जग्गा उपलब्ध गराउने कृषकहरुको नामावली,समूह सहकारीको निर्णय र लालपूर्जाको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
७. स्थानिय तह नगरपालिका वा गाउँपालिका को सिफारिस संलग्न गर्नुपर्ने छ ।

नोट : विस्तृत जानकारीका लागि परियोजना कार्यन्वयन ईकाइ कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
फोन नं. ०७६-५५०३४७, ९८५७०५२३४७, Website- www.kapilvastu.pmamp.gov.np

मुकुन्द भुसाल
वरिष्ठ कृषि अधिकृत